# सूचना र मानव अधिकार अधिकार अनुसन्धान केन्द्र

## Information and Human Right Research Center (IHRC)

## नेपालगंज-१०, बाँके

# संस्थागत रणनितिक योजना

## २०७४ - २०७८

## अध्यक्षको मन्तव्य

सुचना र मानव अधिकार अनुसन्धान केन्द्र बांके आई एच आर सि मुनाफारहित जनहितकारी गैरसरकारी सामाजिक संस्था हो। यो संस्था २०६९ सालमा जिल्लामा रहेका कानूनविद, संचारकर्मी र अधिकारकर्मीहरुको प्रयासमा जिल्ला प्रशासन कार्यालय बांकेमा दर्ता भइ क्रियाशील रहेको छ। संस्थाले सूचना र मानव अधिकारका क्षेत्रमा पैरवी गरी सुमदायलाई सुसुचित गर्दै आएको छ। यसै क्रममा संस्था स्थापनाको छोटो अवधीमा २०७३ चैतदेखि यस संस्थाले बांके,बर्दिया जिल्लामा पारस्परिक जवाफदेहिता परियोजनामार्फत सुशासनको क्षेत्रमा समेत विशष काम गरिरहेको छ भने आगामी ५ वर्षमा यस संस्थाले आफनो कार्यक्षेत्र विस्तार गर्दै प्रदेश स्तरका सवै जिल्लामा काम गर्ने लक्ष लिएको छ।

संस्थाको समग्र विकास र आगामी कार्यदिशाकालागि संस्थाका कार्यसमिति, कर्मचारी र साधारण सदस्यहरुको सहभागिता र स्थानीय समुदाय र सरोकारवालाहरुको सुझावमा रणनीतिक योजना गोष्ठी गरी आगामी ५ वर्षकालागि रणनीतिय योजना तयार गरेको छ। यस रणनीतिक योजनाले संस्थालाई आगामी ५ वर्षसम्म दिशानिर्देश गर्ने छ। संस्थाको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य र नतीजा लगायतका बिषयवस्तुहरु गोष्ठीबाट तय गरिएका छन्। संस्थाले आगामी ५ वर्षका लागि सुशासन, सुचनाको हक, मानवअधिकार र शान्ती ३ विषयगत क्षेत्रलाई जोड दिनेछ। यस रणनीति पत्रमा तय गरिएका लक्ष्य उद्देश्य र क्रियाकलापहरु पुरा गरी नतीजा हासिल गर्न सरकारी तथा गैरसरकारी निकाय दातृ संस्था र संस्थाको आफ्नै प्रयासमा श्रोत परिचालन गर्ने लक्ष्य लिइएको छ।

यस संस्थाको रणनीतिक योजना (२०७४-२०७८) को निर्माणका लागि आर्थिक सहयोग गर्ने (FHI360) अर्न्तगत (CS:MAP) परियोजना, प्राबिधिक सहयोग गर्ने (NNSWA) कन्चनपुर र सहजीकरण तथा परामर्श दिनुहुने परामर्शदाता सुनिल सन शाक्य प्रति आभार प्रकट गर्दछु। साथै रणनीतिक योजना निर्माणमा योगदान गर्नुहुने संस्थाको कार्यसमितिका साथीहरु, कार्यकारी निर्देशक राकेश कुमार मिश्र, कार्यक्रम प्रवन्धक रविन्द्र कुमार ज्ञवाली,सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यबाद ज्ञापन गर्दछु। यस संस्थालाई यहाँसम्म ल्याइ पुऱ्याउन प्रत्यक्ष परोक्षरुपले सहयोग पुऱ्याउनुहुने सबैलाई धन्यबाद सहित रणनीतिक योजनाले निर्देशित गरेका नतीजा प्राप्तीमा संस्था प्रतिबद्ध रहेकोले सदाझै सवै सरोकारवालाहरुको निरन्तर सहयोगको अपेक्षा गर्दछु।

**अधिबक्ता विश्वजीत तिवारी**
**अध्यक्ष**
**सुचना र मानव अधिकार अनुसन्धान केन्द्र, नेपालगन्ज**



**विषय सूची** **पेज नं**


कभर पेज
अध्यक्षको मन्तव्य १
विषय सूची २-३

१. संस्थाको परिचय ४
२. संस्थाले विगत ५ वर्षमा हासिल गरेका मुख्य मुख्य उपलब्धीहरु ४
३. सिकाईहरु ४-५

४.संस्थाको वाहय वातावरण विश्लेषण ६-८

४.१.राजनैतिक अवस्थाको विश्लेषण ६

४.२.सामाजिक सांस्कृतिक अवस्थाको विश्लेषण ६

४.३.आर्थिक अवस्थाको विश्लेषण ६-७

४.४प्रबिधिको विश्लेषण ७

४.५ वातावरणीय अवस्थाको विश्लेषण ७-८

४.६ कानूनी अवस्थाको विश्लेषण ८

५. रणनीतिक सवालहरु ८-९

६. सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती विश्लेषण १०-११

७. सरोकारवाला विश्लेषण १२-१३

८. संस्थाको रणनीतिक दिशा १४

- दुरदृष्टी, ध्येय, लक्ष्य, उद्देश्य र मूल्य मान्यता

९. रणनीतिगत हस्तक्षेपका विषयगत क्षेत्रहरु र नतीजा निर्धारण १५-२१

९. १. विषयगत क्षेत्र : सूचनाको हक १५-१६
९. २. विषयगत क्षेत्रः सशासन १७-१८
९. ३. विषयगत क्षेत्रः मानव अधिकार र शान्ती १९-२१

१०. संस्थाको नतीजा हासिल गर्न अपनाइने रणनीतिहरु २२

११. संस्थाको क्रियाकलापहरु २२-२४

११. पैरवी गर्ने सवालहरु र पैरवी योजना २४-२५

१२. सूचनाको हक प्रभावकारी रुपमा कार्यान्वयन नभएको

१२. २. सार्वजनिक सेवा प्रदायकबाट दिइने सेवा सुविधामा सुशासन र जवाफदेहिता प्रभावकारी नहुनु

१२. संस्थाको क्षमता अभिवृध्दि र दिगोपनाका रणनीतिहरु २६

१५ संस्थागत संरचना २७

१६. अनुगमन र मुल्यांकन २८

१७. जोखिम अनुमान २८

१८. संस्थाको वार्षिक कार्ययोजना २८-३२

१४.१ सूचनाको हक

१४.२ सुशासन

१४.३ मानव अधिकार र शान्ती

## सूचना र मानव अधिकार अनुसन्धान केन्द्र संस्थाको ५ वर्षे रणनीतिक योजना

**१.संस्थाको परिचय**

सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्जले सूचनाको हक, सुशासन र मानव अधिकार र शान्तीका क्षेत्रमा काम गर्ने एक गैह्र सरकारी संस्था हो । सुचना तथा सञ्चार, मानव अधिकार, कानुन, समाजसेवा, अधिकारको क्षेत्रमा विशेष योगदान दिएका व्यक्तिहरुको समुह मिलेर यो संस्था निमार्ण गरिएको हो । यस संस्थाले स्थापनाकालदेखि नागरिकको सूचनाको हक प्रत्याभुत गराउन प्रतिवद्ध भइ विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गर्दै आएको छ ।

स्थानीय तहमा रहेको विभिन्न सार्वजनिक निकायमा सर्बसाधारणको पहुँच अभिबृद्धि, सहभागीता र सुशासन कायम गर्नमा विशेष भूमिका निर्वाह गर्दै राज्यलाई सहयोग पुऱ्याउनमा मद्दत गरेको छ भने समुदायलाई आफना हक अधिकारका बारेमा जागरुक बनाउनमा सहयोग पुरयाउने कार्य गर्दै आएको छ । बिशेष गरि मानवअधिकार, विभिन्न मौलिक अधिकार, सूचनाबाट बञ्चित रहेका नागरिकहरुको अधिकार सुनिश्चित गर्ने, वकालत गर्ने र विभिन्न सार्वजनिक निकायमा पहुच अभिवृद्धि गर्नमा विशेष भुमिका निर्वाह गर्दै आएको छ । हाल सम्म संस्थाले नागरिकहरुलाई सूचानाको हक बारेमा सचेतना अभिवृध्दि गर्नुका साथै सरोकारवाला निकायहरुको जवाफदेहिता, पारदर्शिता र सूचनाको हक प्रवाह गर्ने विषयमा उपलब्धीमुलक कार्यहरु गरेको छ ।

संस्थालेरणनीतिक योजनामा सूचनाको हक, सुशासन, मानव अधिकार र शान्तीजस्ता विषयगत क्षेत्रमा नतीजाहरु प्राप्त गर्नकोलागि विभिन्नि क्रियाकलापहरु तय गरेको छ। संस्थाका नतीजाहरु प्राप्तीकोलागि वकालत गर्ने, सुसुचित गर्ने, क्षमता अभिवृध्दि गर्ने, अध्ययन अनुसंधान गर्ने, गठवन्धन हरु निर्माण गर्ने र परिचालन गर्ने जस्ता रणनीतिहरु तय गरेको छ । आगामी ५ वर्षमा संस्थाले सूचनामैत्री वातावरण तय गर्न, जवाफदेहिताको औजारहरुको प्रयोगबाट सुशासन कायम गरी सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउन र मानव अधिकारको संरक्षण र संवर्धन गरी सामाजिक सदभाव कायम गर्न योगदान दिने लक्ष राखेको छ ।

**२. संस्थाले विगत ५ वर्षमा गरेका उल्लेख्य उपलव्धीहरु :**

- सूचनाको हक सम्बन्धि कुराहरुमा धेरै नागरिकहरु सुसूचित भएको र नागरिकहरुले स्वतस्फूर्त सूचना प्राप्त गर्न थालेको ।
- सूचनाको हक सम्वन्धि कार्यक्रमलेसरोकारवालाहरुले विभिन्न जनसरोकारका मुद्दाहरुलाई सम्बोधन गरेको जस्तै नेपाल विद्युत प्राधिकरणले नेपालगंजमा दैनिक हुने गरेको लोड सेडिङ्ग हटाएको, मिटर दिन आनाकानी गरेकोमा पछि तुरुन्त मिटर दिएको, दूर सञ्चार लिमिटेडले लाईन जडान गर्नमा ढिलाई गर्ने व्यवहारमा परिवर्तन गरेको,खानेपानीका लाइनहरु तत्काल जडान गरिदिएको, आमाको नामबाट नागरिकता प्राप्त गरेको, जीर्ण भएको पुर्जा नयां प्राप्त गरेको, विधालयले तत्काल छात्रवृत्ति वितरण गरेको, जस्ता कार्यहरु गर्न सफल भएको ।
- नागरिकहरुले सूचनाको हक सम्बन्धि कानूनको महत्व बुझ्नाले सेवाप्रदायक कार्यालयहरुले राम्रो सेवा प्रवाह गर्न शुरु गरेको ।
- बाँकेको साविक गनापुर गा.वि.स. नमूना सूचना मैत्री गा.वि.स. बन्न सफल भएको ।
- सूचना अभियन्ताहरु निर्माण गरी ४ वटा संजाल निर्माण भएको जस्मा १०० जना संलग्न भएको र सो संजालले सूचनाको हकमा कार्य गरिरहेको, स्थानीय तहबाट बजेट छुटयाउन सफल भएको (साविक बेलहारी, गनहापुर, कन्दी गाविस, नगरपालिका, जिविस) नगरपालिकाले १० वडामा सूचनाको हक सम्वन्धि

अनुशिक्षण गरेको, जिविसले ५० हजार रकम छुटयाई एक निर्वाचन क्षेत्रमा सूचनाको हक सम्वन्धि अभिमुखिकरण गरेको

- नेपालगंज उपमहानगरपालिका लगायत वरीपरीका सार्वजनिक सरोकारका निकायहरुमा सूचना अधिकारीहरु तोकिएको ।
- सूचनाको हक ऐन २०६४ लाई आधार मानेर मागिएका सूचनाहरु उपलब्ध नगराएका निकायहरुलाई Public Interest Litigation (PIL)सार्वननिक जनहित याचिका दायर गरी उनिहरुलाई सूचनाको हकको सम्मान गर्न दवाव दिई अदालत मार्फत अनुशासित बनाउन सफलता प्राप्त गर्न सफल रहेको, (१२ वटा जति विधुत प्राधिकरण, सडक दुर्घटनाकालागि यातायात कार्यालय, जनस्वास्थ्य कार्यालय, जिल्ला प्रशासन, शिक्षा, भेरी अंचल अस्पताल) सुधार आएको , वोर्डिड. स्कुलले शुल्क बढी लिएकोमा पछि कम गरेको, शौचालय नवनाएकोमा सार्वजनिक सेवा अवरोध गरेकोमा पछि उपलव्ध गराएको, स्वास्थ्यमा महंगा उपकरण प्रयोग नगरेको र यस सम्वन्धि कार्य भैरहेको) ।
- बांके र वर्दियामा सूचना अधिकारी तोक्ने र तीन तीन महिनामा सूचना सार्वजनिक गर्ने वारेमा पिआइएल र आरटीआई निवेदन पछि ६० प्रतिशत कार्यालयले सूचना अधिकारी तोकेको र भूमिसुधार कार्यालय वर्दिया र जिल्ला समन्वय समिति बांकेले तीन तीन महिनामा सूचना अद्दावधिक गर्ने गरेको ।
- रानी तलाव तरकारी बजारमा ७ वर्ष देखि चुनाव नभएको, आर्थिक पारदर्शिता नभएको र वर्षमा ३० लाख उठने सवालमा सूचना माग गर्दा विवाद बढेको, ज्यान मार्ने धम्की समेत आएको र अन्तिममा समितिका अध्यक्षले २,५६,००० तिर्ने गरी व्यवस्था मिलाएको र चुनाव भएको जस्ता कार्यहरु गर्न सफल भएको । चुनावी प्रक्रियाबाट समिति भएको, भ्रष्टाचार वाहिर आएको र पिडित किसान समितिमा समावेश भएको ।
- नापी कार्यालयमा ट्रेस नक्शा तत्काल उपलब्ध नगराएकोमा पछि तुरुन्त उपलव्ध गराएको ।
- सूचनाको हक सम्वन्धी कुरा उठ्ना साथ बढि जसो नागरिकहरुले IHRC को नाम लिने गरेको

## ३. संस्थाका विगत ५ वर्षका सिकाईहरु

- संस्थागत क्षमता विकासका क्षेत्रहरु जस्तै नीति नियमहरु, तथ्यांकको अभाव, साधन श्रोतको कमीले दातृ निकायसंगको पहुंच कम हुने महसुस भएको
- सार्वजनिक निकायहरुलाई पनि सूचनाको हक बारेमा तालिम अभिमुखीकरण गर्दा संस्थालाई काम गर्न सजिलो हुने रहेछ र सार्वजनिक निकायले पनि सूचनाको हकमा पैरवी गर्ने रहेछन्
- काम गर्दा सुरक्षाको चुनौती पनि हुन सक्ने पक्षलाई विचार गरी जोखिम कम गर्न पनि काम गर्नुपर्ने रहे छ।
- सूचनाको हक सम्वन्धि समुदायमा सचेत हुंदा स्थानीय नागरिक तथा सरोकारवाला निकायको माग तथा चासो बढने रहेछ उक्त मागहरुलाई प्राथमिकरण गर्नुपर्ने।
- सूचनाको हक बाहेक अन्य क्षेत्र जस्तै कृषी, वातावरण, सरसफाईलाई पनि जोडेर काम गर्नुपर्ने रहेछ ।
- संस्थाले काम गर्ने क्षेत्रको अनुसन्धान गर्नुपर्ने, समुदायको समस्या पहिचान गरि सो अनुसारको योजना बनाउनु पर्ने । नागरिकलाई केसमस्या छ, के मा पैरवी गर्ने जस्ता कार्यहरुमा प्रमाणको आधारमा तथ्यांक संकलन गर्नुपर्ने ।
- सरोकारवाला निकायलाई जवाफदेही र पारदर्शी बनाउनसूचनाको हक सम्वन्धी परियोजना संचालन गर्नुपर्ने
- जिल्लाका अन्य गाउपालिका र नगरपालिकामा पनि सूचनाको हक, सुशासन सम्वन्धि समस्या भएको तर संस्था पुग्न नसकेको, काम गर्ने क्षेत्रलाई फराकिलो बनाउनुपर्ने ।

## ४. संस्थाको वाहय वातावरण विश्लेषण

### ४.१ राजनैतिक अवस्था विश्लेषण

नेपालको सविधान २०७२ अनुसार देश संघ, प्रदेश र स्थानीय तहको संरचनामा प्रवेश गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहलाई धेरै अधिकारहरु दिएको छ । पारदर्शी रजवाफदेही रुपमा सेवा प्रवाह गर्ने, जनतालाई सुसुचित गर्ने, सूचनाको हकको प्रत्याभूती गर्ने, न्याय सेवा प्रवाह गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिएको छ । मुलुकमा ठुलो परिवर्तन भै धेरै अधिकारहरु दिएता पनि यहाको प्रशासकिय प्रर्णाली तथा सेवा प्रवाहमा खासै परिर्वतन नभएको अवस्था छ । सेवा प्रवाहमाा ढिलासुस्ती, आर्थिक लेनदेन, अनावश्यक झंझट र सूचनाको हक सम्वन्धि पर्याप्त मात्रामा जानकारी नहुनु , नागरिक वडापत्र अनुसार सेवाहरु उपलब्ध नगराइनु जस्ता समस्याहरु विद्दमान नै रहेको छ। । नव निर्वाचित पदाधिकारीहरुमा हाल विद्दमान रहेको अन्यौलता, पारदर्शिता, जवाफदेहिता, सूचनाको हक सम्वन्धिज्ञान तथा दक्षताको अभाव, राजनैतिक प्रभाव आदिले सेवा प्रवाह प्रभावकारी हुन सकेको छैना

सूचना लिन जांदा दिन आनाकानी गर्ने, ढिलासुस्ती गर्ने, लिखित रुपमा दिन नमान्ने, प्रत्येक तीन महिनामा सूचना अध्यावधिक गरी प्रकाशित गर्नुपर्ने जस्ता कार्यहरु हुन सकेको छैन । सूचना लिन जांदा सूचना दिने अधिकारीले कारवाही नै गर्न आएको जस्तो डर मान्ने प्रवृत्ति पनि रहेको छ । सूचना स्वत: प्रवाह हुने संस्कार र परिपाटी अझै विकास हुन सकेको छैन । IHRC ले गरेको सर्वेक्षण अनुसार बांके जिल्लामा २५०० सार्वजनिक निकाय मध्ये ४० देखि ४६ सम्म मात्र सूचना अधिकारी राखेको अवस्था छ । सूचनाको हक ऐन २०७४ अनुसार सार्वजनिक निकायले सूचना अधिकारी तोक्नुपर्नेमा अदालत, विधालय, गैर सरकारी संस्थाहरु, अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु, बैंक आदिले अझै पनि सूचना अधिकारी तोकेका छैनन ।

मानव अधिकारको क्षेत्रमा केही सुधार भएको अवस्था भएको छ जस्तै प्रहरीले पक्राउ र थुनुवा पुर्जी दिने गरेको छ भने हिरासतमा यातना दिने कार्यमा कमी आएको छ । तर पनि हिरासतमा रहने कैदीहरुलाई खाना तथा वस्नको राम्रो व्यवस्था नभएको, सरसफाई नभएको समस्या अझै पनि रहेको छ । इन्सेक ले प्रकाशित गरेको मानव अधिकार वर्ष पुस्तक २०१७ अनुसार बांके, वर्दियामा मानव अधिकारका १७५ वटा घटनाहरु भएको तथ्य प्रकाशित गरेको छ जस्मा घरेलुहिंसा, बलात्कार, कुटपिट, हत्या जस्ता घटनाहरु बढी देखिएको छ ।

### ४.२ सामाजिक र सांस्कृतिक अवस्था विश्लेषण :

बांके र वर्दिया जिल्लामा विशेष गरी हिन्दु र मुस्लिम, थारु, पहाडी र मधेशी मुलका बासिन्दाहरुको वाहुल्यता रहेको जिल्ला हो । यसका साथै यस जिल्लामा दलित तथा अल्पसंख्यक समुदायको पनि उल्लेख्य उपस्थिति रहेको छ। यस समुदायमा गरीवी, घरेलु हिंसा, लैंगिक विभेद, कुटपिट, जातीय विभेद, तलाक, वोक्सीको आरोप, दाइजो जस्ता सामाजिक कुरितीहरु रहेको पाइन्छ ।समय समयमा हिन्दु मुस्लिम विचको मनमुटाव र टकरावले सामाजिक सद्भाव खलवलिएको घटनाहरु वेला वेलामा हुने गरेको छ । नेपालको संविधानले आफु र सार्वजनिक निकायको सरोकार राख्ने सवालमा सूचनाको हक प्रदान गरेता पनि यी वर्गहरुमा सूचनाको हक सम्वन्धि अनभिज्ञता रहेको पाइन्छ । यसका साथै यी वर्गहरुमा सार्वजनिक निकायले दिने सेवा प्रवाह पनि प्रभावकारी रुपमा हुन सकेको छैन । नेपाल सरकारले के कस्ता सेवाहरु दिन्छन, के कस्ता छुटहरु दिएका छन्, सेवा लिने प्रक्रिया के हुन भन्ने वारेमा ज्यादै न्युन मात्र जानकारी रहेको छ । समाजमा पछाडि परिएका, राज्यका सेवा सुविधाबाट वंचित समुदायको सूचनाको हक, जवाफदेहिता र पारदर्शिता, मानव अधिकार प्रतिको सचेतना कमी रहेको छ ।

### ४.३ आर्थिक अवस्था विश्लेषण:

बांके र वर्दिया जिल्ला आर्थिक दृष्टिकोणले पछाडि परेको जिल्ला पनि हो । भारतीय सिमासंग नाका जोडिएकोले आर्थिक गतिविधी बढी रुपमा भएता पनि गरीब तथा पछाडि पारिएका वर्गहरुको आर्थिक अवस्था कमजोर नै रहेको छ । यस जिल्लाहरुमा विभिन्न कृषी लगायत उधोगधन्दाहरु रहेको, होटेलहरु, ईटा भट्टाहरु, डिस्टिलरी, रहेको जस्मा श्रम ऐन अनुसार उचित ज्याला नदिइएको अवस्था रहेको छ । महिला तथा पुरुषहरुलाई ज्यालामा भेदभाव गर्ने, वैदेशिक रोजगारीमा जानेहरु ठगीमा पर्ने जस्ता समस्याहरु रहेको पाइन्छ । यसका साथै यातायात व्यवसायीहरु,

होटेल संचालकहरु र व्यापारीहरुले मुल्य सूची टांसी सेवाग्राहीलाई सूचित गर्नुपर्ने कार्यहरु नभएको पाइन्छ । मुल्यमा ठगी गर्ने, अत्यधिक नाफा लिने, खुला रुपमा खाद्द पदार्थ बिक्रि गर्नाले खानेकुरा दुषित हुने, मिसावट गर्ने जस्ता कार्यबाट उपभोक्ताको अधिकारको हनन भएका धेरै उदाहरणहरु पाइन्छन् । वैदेशिक रोजगारमा जांदा के कस्तो प्रक्रिया अपनाइने, के कस्तो छुटहरु पाइने, शुल्क कति लाग्ने भन्ने वारेमा ससुचित हुने कार्यम पनि कमी भएको पाइन्छ । यसका साथै निर्माण व्यवसायीहरुले कति बजेट हो,काहांबाट आएको हो कति समयमा सकिने हो, भन्ने बारेमा सुसुचित गर्ने कार्य नभएको र निर्माण कार्यहरु पनि गुणस्तरहिन भएको पाइन्छ । यसका साथै राप्ती परिका गाउँपालिकाहरुमा वैंकहरु नभएको कारणले कृण लिन समस्या परेको जस्ता सवालहरु पनि यस जिल्लामा रहेका छन् ।

**४.४ प्राविधिक अवस्था विश्लेषण**

विश्वमा प्रविधिको विकास संगै नेपालमा पनि प्रविधिको प्रयोग गर्ने प्रचलनमा व्यापकता आएको छ । प्रविधिले कामना सहजता पनि ल्याएको एकातिर छ भने अर्कोतिर जटिलता पनि थपेको छ । मोवाइल, इमेल, इन्टरनेट, सफ्टवेयर, मोवाइल एप्स, फेसवुक, टिवटर जस्ता सामाजिक संजालको प्रयोग बढदो अवस्थामा रहेको छ । गरीव तथा पछाडि पारिएका वर्गहरुको प्रविधि प्रयोग गर्ने ज्ञान तथा सीपमा कमी भएका कारण अझ बढी समस्या भएको स्थानीयको गुनासो रहेको छ । जिल्ला मालपोतमा अनलाइन प्रविधिमा दक्षता नभएको कारणले गरीव तथा पछाडि पारिएका वर्गले पाउने सेवामा झनै ढिलासुस्ती भएको गुनासो रहेको छ। कर्मचारीले इन्टरनेट सेवा छैन, वत्ति गएको छ, कर्मचारी कम धेरै सेवाग्राही आदि कारणले सेवा प्रभावकारी हुन सकेको छैन । सरकारी कार्यालयहरुले वेबसाइट बनाएता पनि यसको अद्दावधिक हुन नसकेको अवस्था छ । नेपाल सरकारले डिजिटल नागरिक वडापत्र राख्ने नीति लिएता पनि यस जिल्लामा शुरुवात हुन सकेको छैन । यसका साथै Open Government Data,PDF, Word file मा राख्ने ताकि नागरिकले पढेर, हेरेर र चाहेको जति कपी गरेर लिन सकुन भन्ने व्यवस्था पनि प्रभावकारी हुन सकेको छैन। टोल फ्रि नम्वर राखेता पनि मानविय श्रोत परिचालन गर्न आर्थिक समस्या रहेकोले प्रभावकारी हुन सकेको छैन । यसका साथै बालवालिकाहरुले पनि विशेष गरेर मोवाइल, गेम, फेसवुक जस्ता आधुनिक प्रविधिहरुमा बढी समय लगाएको जस्ले उनीहरुको पढाईमा अवरोध साथै साइवर क्राइम जस्तो समस्याहरु पनि थप गरेको छ।

**४.५ वातावरणीय अवस्था विश्लेषण:**

नेपाल विपद जोखिमको दृष्टिकोणले उच्च जोखिममा रहेको तथ्य यूनडिपिको प्रतिवेदनमा उल्लेख गरिएको छ भने जलवायू परिवर्तनको कारण अझ बढी जोखिम बढेको छ । बांके र वर्दिया जिल्ला पनि विपद तथा जलवायूजन्य जोखिमबाट प्रभावित जिल्ला हो ।बाढिका कारण बाके जिल्लाका नरैनापुर,डुडुवा,राप्ती,सोनारी, होलिया डुवानहुने र आगलागी हुने क्षेत्रमा पर्दछन भने खजुरा र बैजनाथ क्षेत्रमा कटानको समस्या रहेको छ । यसैगरी राप्ती पारिका गाउंपालिकामा कटान पटानले धेरै कृषीयोग्य जमिन बगरमा परिणत गरेको छ । विपद पश्चात हुने मानव अधिकारका हनन का घटनाहरु पनि हुने गरेको छ । राहत वितरण प्रक्रियामा भेदभाव, गरीव, दलित तथा पछाडि पारिएका वर्गको राहतमा पहुच कम हुने गरको छ । विपद सम्वन्धि ऐन, निती ,रणनिती,योजना र यस्का लागि विनियोजित बजेट र योजनाका बारेमा समुदायलाई सुचनाको अधिकार र शुशासित प्रक्रियाका का बारेमा जानकारी कमै मात्र भएको छ।

बाके जिल्ला नेपालको सबै भन्दा अत्यधिक गर्मी हुने जिल्लाको रुपमा परचित छ । अत्यधिक गर्मीका कारण विभिन्न स्वास्थ्य समस्याहरु जस्तै टाइफाइड, झाडापखाला र छाला सम्वन्धि रोग, वेहोस हुने गरेको पाइन्छ । गर्मीका समयमा आगलागि ,हवाहुरी जस्ता प्रकोपका घटनाले विपद्को अवस्था सृजना गरेको पाइन्छ । चिसोको समयमा अत्यधिक चिसो बढने शितलहर चल्ने जस्का कारण बालबालिका,महिला,बृद्दाहरु बढी प्रभावितहुने गरेको पाइन्छ । यसका साथै जलवायू परिवर्तनले खानेपानी प्रदुषित हनु, अतिबृष्टि, अनाबृष्टि साथै कृषि उब्जनीमा कमी आउनु, खडेरीको समस्या बढनु, नयाँ नयाँ रोगव्याधीहरु संक्रमण बढनु जस्ता समस्याहरु पनि यस क्षेत्रमा रहेका छन् ।

यस जिल्लामा खुल्ला दिशा पिशाब को पनी ठुलो समस्या देखीन्छ जस्का कारण झाडपखालको महामारी जस्ता रोगहरु पनि बेला बेलामा हुने गर्दछ ।फोहर मैलाको उचित व्यवस्थापन नहुनु, बढदो जनसंख्या , शहरीकरण उद्योगधन्दा बाट निस्कने फोहरको व्यवस्थापन नहुनु, सवारी साधानको चाँप बढ्नु, भौतीक पूर्वाधार निर्माणमा योजनाबद्ध काम नहुनु, सार्वजनिक तलाउ, पोखरीको संरक्षण नहुनु आदिले वातवारणीय प्रदुषणको समस्या बढी मानिसको स्वच्छ वातावरणमा वांच्न पाउने अधिकार हनन भएको छ। नागरिक समाजको अगुवाईमा ग्रीन नेपालगंज, जिल्ला नेपालगंज अभियान, सार्वजनिक शौचालय, सरसफाई फोहर व्यवस्थापन, वातावरण संरक्षण, रुख रोप्ने जस्ता अभियानहरु नियमित रुपमा संचालन हुदै आएको छ ।

**४.६ कानुनी अवस्थाको विश्लेषण:**

नेपालको सविधान २०७२ को धारा २७ ले सूचनाको हक शिर्षकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी व्याख्या गरिएको छ तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भन्ने व्यवस्था गरेको छ । सुचनाको हक सम्बन्धी ऐन २०६४ को प्रस्तावनामा पनि राज्यको काम कारवाही लोकतान्त्रिक पद्दति अनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही बनाउन सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्व सुचनामा आम नागरिक को पहुच बढाउनको लागि आएको हो भन्ने ऐनको दफा २(ख) मा व्यवस्था गरेको छ भने दफा ४ मा सार्वजनिक निकायको दायित्व ,दफा ५ मा सुचनाको अधावधिक र प्रकाशन को व्यवस्था गरेको छ भने सो दफा मा प्रत्येक ३।३ महिना सुचना अध्यावधिक गरी स्वतस्फूर्त रुपमा प्रकाशन गर्नुपर्ने व्यवस्था पनि गरेको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) मा "सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित देहायका सूचना सूचीकृत गरी प्रकाशन गर्नु पर्ने" कानूनी व्यबस्था गरेको छ ।

सुशासन ((व्यवस्थापन तथा संचालन) ऐन, २०६४ अनुसार नागरिक वडापत्र राख्नपर्ने, मानव अधिकार ऐन २०६८ रस्थानिय सरकार सचांलन ऐन २०७४ मा पनि सूचनाको हक, सुशासनको वारेमा प्रष्ट रुपमा व्यवस्था गरेको भएता पनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन । विद्दमान ऐन नियमहरुमा भएको व्यवस्था अनुसार नागरिक हरुले थाहा पाउनु पर्ने कुराहरु पनि थाहा नपाएको अवस्था छ । नेपालको सविधान को धारा ४८ मा नागरिकको कर्तव्य अनुसार नागरिकले पनि नेपालको ऐन नियम कानुन मान्नु पर्ने व्यवस्था भएता पनि कर्तव्यको बोध भएको पाइदैन। स्थानिय सरकार सचांलन ऐन २०७४ मा स्थानीय तहले सुशासन समिति बनाउनुपर्ने, डिजिटिल प्रविधिबाट सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्ने व्यवस्था भएता पनि सो कार्यान्वयन हुन सकेको छैन । विपद जोखिम न्यूनिकरण र व्यवस्थापन ऐन २०७४ मा विना भेदभाव सवैलाई उध्दार तथा राहत पाउने व्यवस्था गरेको छ । विशेष गरेर महिला, वालवालिका, जेष्ठ नागरिक र अपांगलाई प्राथमिकता दिएर उद्धार तथा राहतका कार्यगर्नुपर्ने व्यवस्था गरिएता पनि सो अनुसार हुन सकेको छैन ।

**५. सवालहरु**

१. सूचनाको हक सम्वन्धि ऐन २०६४ वारेमा सार्वजनिक निकायका पदाधिकारीहरुमा ज्ञानको कमी, जसले गर्दा समयमा सूचना नदिने, लिखित रुपमा दिन आनाकानी गर्ने र साथै सेवाग्राहीहरुमा पनि सूचनाको हक सम्वन्धि ज्ञानको कमी,

२. सूचना अधिकारी तोक्नुपर्ने प्रावधान रहेता पनि अझै पनि अदालत, विधालय, राजनैतिक दल, गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था र स्थानीय तहमा (केहीमा) नभएको । साथै तीन तीन महिनामा सूचना अध्यावधिक गरी जारी गर्नुपर्ने सवै सार्वजनिक निकायले गर्ने नगरेको

३. स्थानीय तहमा जवाफदेहिताका औजार, सुशासन, मानव अधिकार सम्वन्धि ज्ञानको कमी रहेको साथै भ्रष्टाचारको अवस्थामा सुधार आउन नसकेको

४. स्वच्छ वातावरणमा वांच्न पाउने हक, जेष्ठ नागरिकको सामाजिक सुरक्षाको हक , बाल अधिकारको हक, शिक्षाको हक, उपभोक्ताको हक आदिको हनन भैरहेको । जस्तै यातायात व्यवसायीहरुले यातायातको मुल्य सूची टांस गर्नुपर्ने, जेष्ठ नागरिक, महिला अपांगलाई दिइने सेवा सुविधावारे जानकारी दिनुपर्ने, होटेल व्यवसायी, खुद्रा व्यापारीहरुले मुल्य टांस गर्नुपर्ने जस्ता कार्यहरु नगरिएको साथै व्यापारीहरुले चर्को मुल्य लिने, खाद्द पदार्थमा मिसावट गर्ने कार्यहरु भैरहेको

५. प्रहरीले अभियुक्तहरुलाई पक्राउ वा थुनुवा पुर्जी दिने गरेको तर समय उल्लेख नगर्ने, प्रहरीमा यातना दिने कार्यमा सुधार भएता पनि वन्दीहरुलाई दिने सेवा सुविधामा सुधार नआएको जस्तै खानवस्न राम्रो नदिएको, क्षमता भन्दा बढी कैदी राखिएको, सरसफाईको समस्या भएको

६. द्वन्द पिडितहरुले अझै न्याय नपाएको जस्तै वेपत्ताको नाम सार्वजनिक नगरेको, राहत, क्षतिपूर्ति पुर्णरुपमा नपाएको, आवश्यक प्रमाणहरुका कागजातहरु नपाएको र परिवारलाई शिक्षा,रोजगारीको व्यवस्था नगरेको

७. होटेल सिमेन्ट फयाक्ट्री, डिस्टिलरी, ईटा भट्टा वा कृषी कार्यमा उचित ज्याला नदिने, वालवालिकाको प्रयोग, समान कामकोलागि समान ज्यालामा विभेद गरी महिला र पूरुषलाई कम र बढी दिने गरेको ।

८. विपदको समयमा राहत वितरणमा भेदभाव हुने, पिडितले नपाउने , विपदको समयमा कसरी सुरक्षित रहने भन्ने सूचना प्रवाह नगर्ने । बाढीको विपदले गर्दा खेतीयोग्य जमिनहरु कटान पटान हुने र उब्जनी कम हुने

९. हिन्दू मुस्लिम विच मतभेद र झगडाले शान्ती र सद्‌भावमा असर, महिला हिंसा, तलाक जस्ता कुरिति, वाल श्रम, जस्ता सामाजिक सवालहरु यथावत नै रहेको र यससंग सम्वन्धित कानूनी व्यवस्थाहरुको वारेमा समुदायलाई न्युन जानकारी भएको

१०. मानिसको स्वच्छ वातावरणमा वांच्न पाउने अधिकार हनन भएको । बाटोघाटो, तलाउमा फोहरको समस्या डिस्टिलरी तथा उधोगधन्दाबाट निस्कने रासायनिक तथा फोहर पदार्थ, धेरै मात्रामा कृषीमा विषादीको प्रयोग, सार्वजनिक शौचालयको अभाव भएको

११. प्रविधिको उच्चतम विकास भएको तर प्रविधि प्रयोग गरेर नागरिकालाई सूचित गर्ने र सेवा दिने कार्य प्रभावकारी नभएको, स्थानीय तहले दिने सेवाहरुमा डिजिटल प्रविधी अपनाई सेवा प्रवाहमा प्रभावकारिता ल्याउने नीति भएता पनि कार्यान्वयनमा नआएको

१२. न्यायालयमा गरीव तथा विपन्न वर्गलाई न्याय दिने संयन्त्रको व्यवस्था गरेको, साथै शिक्षा, स्वास्थ्य, कृषी, पशुपालनको क्षेत्रमा विभिन्न छुट तथा अनुदानको व्यवस्था भएता पनि सेवाग्राहीलाई न्यून रुपमा मात्र जानकारी भएको

## ६. संस्थाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती विश्लेषण

**सवल पक्ष**

- सूचनाको हकका क्षेत्रमा विशेष काम गर्ने संस्थाको रुपमा पहिचान कायम गरेको ।
- संस्थामा दक्ष जनशक्तिहरु रहेको (सूचनाको हकका क्षेत्रमा कम्तीमा ७ जना, कानून विज्ञ ४ जना, मिडियाकर्मी ४ जना, महिला तथा वालवालिकाको क्षेत्रमा दक्षता भएका ३ जना, मानव अधिकार र खाद्य अधिकारमा दक्षता भएका ४ जना, सार्वजनिक जनहित याचिका सम्वन्धि दक्ष ४ जना )
- स्थानीय तह, जनप्रतिनीधिहरु, सरकारी तथा गैरसरकारी निकायहरुसंग राम्रो समन्वय र सम्वन्ध रहेको ।
- संस्थाका कार्यसमिति, साधारण सदस्य तथा सल्लाहकारहरु गैसस महासंघ, नेपाल वार एशोसिएसन, नेपाल मानव अधिकार संगठन , राष्ट्रिय मानव अधिकार आयोग, नेपाल पत्रकार महासंघ नेटवर्कको नेतृत्व तथा पदाधिकारीमा रहेको ।
- संस्थाले अभियान मुलक कार्य सञ्चालन सम्वन्धि दक्षता र अनुभव भएको।
- जिल्लाका ५ स्थानमा सूचनाको अधिकार समुह सञ्जाल निमार्ण भएको, १० जना सूचना अभियन्ताहरुभएको साथै १५ जना युवा स्वयम्सेवकहरु भएको ।
- बाँके र बर्दिया जिल्ला भन्दा बाहिर पनि काम गर्न सक्ने नेटवर्क र व्यक्तिहरु रहेको (दाङ., सुर्खेत, जाजरकोट, कालिकोट, रुकुम, वर्दिया ।
- मिडियाहरु (कृष्णसार, नेपालगंज एफएम, वागेश्वरी एफएम, भिजन टेलिभिजन, दैनिक नेपाल गंज, काल पृष्ठ, रासस, कान्तिपुर, नागरिक, समय अधिकार, मिसन टुडे, सद्भावतथा समाचार अनलाइनहरु) मा राम्रो पहुच भएको र संस्थाका विभिन्न गतिविधीहरु नियमित प्रकाशन र प्रसारण हुने गरेको ।
- संस्थाको वेवसाइट भएको र नियमित अधावधिक भएको जस्ले गर्दा संस्थाको प्रचारप्रसारमा सहयोग पुगेको

**कमजोर पक्ष**

- संस्थाका निति नियम प्रयाप्त मात्रामा नरहेको । (आर्थिक तथा प्रशासनिक नियमावली **अद्यावधिक नभएको** जेसी, संचार, अनुगमन र मुल्यांकन, मानव संसाधन विकास नितिहरु नभएको)
- संस्थामा दस्तावेजीकरण, अभिलेखीकरण, प्रकाशन, प्रचारप्रसार कार्य प्रभावकारी नभएको ।
- संस्थामा काम गर्ने कर्मचारी न्यून भएको र परियोजना लक्षित कर्मचारी मात्र भएको । स्थायी कर्मचारी नभएको
- प्रस्तावना लेखन, प्रतिवेदन लेखन, संस्था व्यवस्थापन सीप भएका जनशक्तिको कमी भएको ,
- संस्थाका पदाधिकारीमा भएको सीप (सूचनाको हक, कानून, संचार) लाई बजारीकरण गर्ने सीप नभएको
- दातृ निकायमा सम्पर्क र समन्वयमा पहुंच कमी रहेको, संस्थाको आर्थिक श्रोतको अवस्था कमजोर भएको र संस्थाको आफनै कोष नरहेको
- नयाँ प्रविधि प्रयाप्त रुपमा नरहेको,लेखाको सप्टवेयर नभएको, एप्सहरुको प्रयोग गरी सूचनाको हक सम्वन्धि जानकारी सेवाग्राहीमा नगरिएको ।
- संस्थाका कार्यसमितिका पदाधिकारीले पर्याप्त रुपमा समय दिन नसकेको ।
- संस्थाको आफनै भवन लगायत आवश्यक फर्निचर, टेवल, ल्यापटप, मिटिङ. हल, प्रिन्टर, फोटोकपी, क्यामेरा, सवारी साधनको कमी रहेको

**अवसरहरु**

- नेपालसरकारले बनाएका विभिन्न कानूनहरु जस्तै संविधानमा सुचनाको हक र सूचनाको हक सम्बन्धि ऐन २०६४ र आम नागरिकमा पनि सूचनाको अधिकार हुनुपर्छ भन्ने धारणाले गर्दा संस्थालाई सूचनाको हकको क्षेत्रमा काम गर्ने पर्याप्त अवसर रहेको
- *स्थानिय सरकार संचालन ऐन २०७४* मा सुशासन समिति बनाउनु पर्ने, सुशासन ऐन २०६४, सेवाप्रवाहलाई प्रभावकारी बनाउनुपर्ने, सूचना प्रवाह गर्नुपर्ने जस्ता प्रावधान रहेकोले सुशासनको क्षेत्रमा काम गर्ने अवसर रहेको
- यस क्षेत्रमागैर सरकारी राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायहरुको उपस्थिति रहेकोजस्तै एफ, एच.आई, एक्शन एड, प्लान, सेभ द चिल्ड्रेन, केयर, यूनिसेफ, यूएनडिपी,आरआरएन, जिआइजेड जस्ता दातृ संस्थाहरुको उपस्थित
- संविधानमै जनताको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार, वातवरण ऐनमा सरसफाई सम्वन्धि व्यवस्था, फोहर मैला व्यवस्थापन ऐन २०६८, वातावरण मैत्री स्थानीय शासन २०६९, वातावरण संरक्षण र सरसफाई सम्वन्धि व्यवस्था गरेको साथै समुदायको वातावरण संरक्षण र व्यवस्थापन सम्वन्धि माग बढदो
- बाल अधिकार माहासन्धी, वालवालिका सम्वन्धि २०४८ , नेपाल सरकारको बाल मैत्री स्थानीय शासनले बालवालिकाको सुधारको लागि कार्य गर्न सकिने र यस संग सम्वन्धित दातृ संस्थाहरु रहेको
- जिल्ला स्तरमा ७ वुदे सूचनाको हक सम्वन्धि प्रतिवध्दता जिल्ला प्रशासनको अगुवाईमा भएको छ । सूचना अधिकारी राख्ने, तीन तीन महिनामा सूचना अध्यावधिक गर्ने, तीन महिनामा पत्रकार सम्मेलन गर्ने, सूचना नदिने व्यक्तिलाई कानून बमोजिम कारवाही गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई दिइएको।
- नेपाल सरकारले सवै सार्वजनिक निकायले डिजिटल प्रविधिमा नागरिक वडापत्र राख्नुपर्ने स्थानीय तहको अधिकार र जिम्मेवारीमा रहेको

**चुनौतिहरुः**

- स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार संस्थालाई प्रत्येक नगरपालिका, गाउँ पालिका जस्ता निकायहरुमा दर्ता गनुपर्ने, गाउंपालिका नगरपालिकाले भने अुनसार नगरेमा रोक लगाउन सक्ने
- स्थानीय तहमा अधिकार धेरै दिइएको कानुनको अभाव, अन्यौलमा समयमै कार्य गर्न कठिन
- सूचनाको हकमा काम गर्ने निकाय भएकोले कतिपय अवस्थामा धम्की समेत आउने
- सरोकारवालाहरुको सूचना दिन आनाकानी गर्ने, डर मान्ने प्रवृत्ति रहेको
- यस स्थानमा रहेका समुदायहरुमा धार्मिक तथा साँस्कृतिक विविधताले पनि विशेष समुदायहरुले खास सहयोग पुर्‍याउन बाधक, (हिन्दु, मुस्लिम आदि) हुने अवस्था रहेको
- संस्थालाई भ्याटमा जानुपर्ने प्रावधान रहेकोले काम गर्न समस्या भएको
- प्रविधिहरु पर्याप्त मात्रामा वृध्दि भैरहेको तर त्यसको संस्थाले प्रयोग गर्न नसकेको

## ७. सरोकारवालाहरु

### ७.१ प्राथमिक सरोकारवालाहरु (लाभान्वित वर्ग)

- राज्यको सेवा सुविधाबाट वंचित, गरीव तथा पछाडि पारिएका र मधेशी, जनजाती र मुस्लिम अल्पसंख्यकसमुदाय जस्तैकुसवधिया, खटिक, चिडिमार, मगन्ते, घंसियारा,माझी, शीख समुदाय, थारु र द्वन्द पिडित
- दलित, अपांग,महिला, वालवालिका, जेष्ठ नागरिक, विपद्बाट प्रभावित

### ७.२ द्वितिय सरोकारवालाहरु

| तह | दातृ संस्था तथा श्रोत प्राप्त गर्न सकिने संस्थाहरु | गठवन्धन गर्न सकिने संस्थाहरु | समन्वय, साझेदारी र सहकार्य गर्न सकिने संस्थाहरु |
|---|---|---|---|
| स्थानिय तह | • गउपालिका, नगरपालिका, उपमाहानगरपालिका<br>• सामुदायीकवन उपभोक्ता समिति<br>• जि.स.स<br>• जिल्ला जनस्वास्थ्य,<br>• नेपालगंज मेडिकल कलेज,<br>• Corporate Social Responsibility (CSR)अर्न्तगत बैक, होटेल, केयल दुगद, यति सिमेन्ट, गोल्छा अर्गनाइजेशन | • युवाक्लव<br>• बालक्लव<br>• Distirct NGO Federtion<br>• BAS<br>• HRPLSC<br>• SAC Nepal Unesco Club Banke<br>• इन्नुडेक<br>• न्यायकालागि द्वन्द पिडित समाज<br>• स्थानीय मानव अधिकार संजाल<br>• फातीमा फाउण्डेसन<br>• Bee group<br>• FIAN Nepal<br>• Bar association | • जिल्ला प्रशासन कार्यालय<br>• निर्वाचन कार्यालय<br>• जिल्ला समन्वय समिति<br>• राष्ट्रिय मानव अधिकार आयोग<br>• उघोग वाणिजय संघ<br>• भेरि अंचल असपताल<br>• जिल्ला प्रहरी<br>• धार्मिक मठमन्दिर |
| प्रदेश तह | प्रदेश सरकार | वेस, आरडव्लुडिसी, प्रदेश स्तरिय वार एशोसिएसन, उधोग वाणिज्य संघ, पत्रकार माहासंघ, आइआरडिसी, आइआरडिएस, | प्रदेश सरकार अन्तगर्त कार्यालय, प्रदेश प्रहरी, धार्मिक मठमन्दिर, |
| केन्द्रिय तह | FHI360 | गैसस महासंघ, | राष्टिय सूचना आयोग |
| | UNDP /SCDP | नेपाल वार एशोसिएसन | राष्टिय मानव अधिकार आयोग |
| | Action Aid Nepal | FNJ Nepal | महिला आयोग |
| | केयर नेपाल | RTI National Network | दलित आयोग |
| | Plan Nepal | Freedom Forum | मुस्लिम आयोग |
| | GiZ | FWLD | मधेशी आयोग |
| | Unicef | Third Alliance | सत्य निरुपण तथा |

| | | |
|---|---|---|
| | | मेलमिलाप आयोग |
| Dannida | Go Go Foundation | नेपाल उधोग वाणिज्य महासंघ |
| GF | CCRI Nepal | नेपाल यातायात व्यवसायी माहासंघ |
| CECI | इन्सेक | होटेल व्यवसायी संघ |
| Save The Children | SAP Nepal | निर्माण व्यवसायी महासंघ |
| Terries de Home | NNSWA | नासा |
| RTI International | | राजनैतिक दल |
| Transparency International | | अख्तियार दुरुपयोग |
| NFEJ | | राष्ट्रिय सर्तकता केन्द्र |
| ICJ | | अपांग |
| | | |

## ८. संस्थाको रणनीतिक दिशा

### परिकल्पना

- आत्मसम्मानसहितको गुणस्तरीय जीवन

### ध्येय

- सुशासन, सूचनाको हक, मानव अधिकार र शान्तीको अवस्थामा सुधार ल्याउने ध्येयका साथ संस्थाले प्रतिवध्द भएर कार्य गर्नेछ ।

### लक्ष्य

- सार्वजनिक निकायहरुलाई सूचनामैत्री बनाई प्रभावकारी सूचना प्रवाह सेवाको अवस्थामा सुधार ल्याउने
- सहभागिता, जवाफदेहिता, तथा पारदर्शिताको प्रभावकारी कार्यान्वयबाट सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउने
- मानव अधिकारको संरक्षण र प्रवर्धन गर्दै मानव अधिकार हननका घटनाहरुमा कमी ल्याउने
- नेपाल सरकारका ऐन, कानून, नीति नियम, निर्देशिकाहरुलाई प्रभावकारी कार्यान्वयन प्रक्रियामा सुधार ल्याउने
- समाजमा शान्ती स्थापना र सामाजिक सदभावमा अभिवृध्दि गर्ने

### उद्देश्य

- नागरिक हक, उपभोक्ता अधिकार तथा कर्तव्य, मानव अधिकार, वाल अधिकार, विकासको अधिकार, लैगिक समानताको संरक्षण र प्रर्वधन गर्ने
- स्वास्थ्य, शिक्षा, सुशासन, कानून, सूचना, कृषी, भूमिमा आम नागरिकहरुको पहुंच तथा अधिकार अभिवृध्दि गर्ने
- मधेशी, मुस्लिम, महिला, दलित, आदिवासी जनजाती, अपांग, विपन्न, वालवालिका, जेष्ठ नागरिक, विपद बाट प्रभावित र सिमान्तकृत समुदायको मानव अधिकार र समावेशी संयन्त्रको पहुंच वृध्दि गर्ने
- नागरिकका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक, राजनीतिक अधिकारको वारेमा सुसुचित गर्ने
- विभिन्न प्रकारका विभेद, असमानता, दुर्व्यवहार, अपमान, हेला, लाई न्यूनिकरण गर्ने

### मूल्य मान्यता

- पारदर्शिता
- जवाफदेहिता
- सम्मान
- भेदभावरहित
- गुणस्तरियता
- विधिको शासन

## ९. विषयगत क्षेत्र र नतीजा निर्धारण

### ९.१ सूचनाको हक

नेपालको संविधान र सूचनाको हक सम्बन्धि ऐन २०६४ ले नागरिकको सूचनाको हकको व्यवस्था गरेको छ । सूचना दिने र लिने प्रक्रियामा अझै पनि सहजता आउन सकेको छैन र नागरिकहरुले सरल र स्वस्फुर्त रुपमा सूचना पाउन सकेका छैनन । नागरिकहरुको सूचनाको हकलाई प्रभावकारी कार्यान्वयनकोलागि संस्थाले आगामी ५ वर्षमा तल उल्लेखित नतीजा ल्याउने गरी कार्यक्रमहरु तय गरेको छ ।

| नतीजा | सूचक | वेसलाइन | | | | | | प्रमाणित गर्ने आधार | जिम्मेवार व्यक्ति | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| **प्रभावः** सूचनामैत्री वातावरण तयार भैसेवाग्राहीहरुले सहज रुपमा सूचना प्राप्त गरेको हुनेछन् | सेवाग्राहीको संतुष्टीको तह | १ % | ५ % | १० % | २० % | ३० % | ४० % | संतुष्टी मापन सर्भेको प्रतिवेदन | राकेश मिश्र र लक्ष्मी तिवारी | सूचनाको हक र स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधानहरु कार्यान्वयन भएको हुने |
| **परिणाम १** : प्रत्येक सार्वजनिक निकायमा सूचना शाखा स्थापना, सूचना अधिकारी तोकिएको र ३/३ महिनामा सूचना प्रकाशन गरिएको हुनेछ | सूचना शाखार सूचना अधिकारी तोक्ने निकाय संख्या सरकारी /गैर सरकारी को प्रतिशत | ६०/५ % | ६५/१० % | ७०/२० % | ८०/३० % | ९०/४० % | ९५/५० % | सूचना शाखा र सूचना अधिकारीको नाम | ,, | ,, |
| | ३/३ महिनामा सूचना प्रकाशन गर्ने निकायको संख्या | २ | ५ | १० | १० | | | ३, ३ महिनाको प्रतिवेदन | | |
| **परिणाम २**: संस्था र सेवाग्राहीहरुले सूचना माग गर्ने, सोधीखोजी गर्ने अभ्यासमा वृध्दि भएको हुनेछ | संस्थाले माग गरेको संख्या | ४० वटा सूचना माग गरेको ( संस्था) | १०० | १५० | २०० | २५० | ३०० | संस्थाको रेकर्ड | ,, | ,, |
| | सेवाग्राहीले माग गरेको संख्या | ५ % | १० | १५ | २० | २५ | ३० | विभिन्न संस्थाको रेकर्ड | ,, | |

